हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
HIMALAYAN LIFE INSURANCE LIMITED

प.स./हि.ला.इ.लि./ च.नं. ४८४६./२०८०/८१
मिति : २०८०/११/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

बिषयः निर्णय विवरण (माईन्युट) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०।१०।१८ गते सम्पन्न भएको सोह्रौं बार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण (माईन्युट) तहाँको जानकारीको लागि यसै साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको
# सोह्रौं बार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

१. **बैधानिक रुपमा सभाको संचालनः**

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको संचालक समितिको मिति २०८०।०९।१९ गते बिहिबार (तद्नुसार ४ जनवरी २०२४) बसेको १६ औं बैठकको निर्णयानुसार बोलाईएको सोह्रौं बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०८०।१०।१८ गते बिहिबार (तदनुसार १ फेब्रुवरी २०२४) बिहान ११:०० बजे देखि १:०० बजे सम्म सिल्भर ओक बैंक्वेट, गैरीधारा काठमाण्डौंमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

२. **सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, साविक प्राइम लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०८०/०९/२२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०८०/१०/०९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यसैगरी बार्षिक साधारण सभाको सूचना कम्पनीको वेवसाइट www.himalayanlife.com.np मा राखी सम्वन्धित निकायहरुमा समेत पेश गरिएको थियो ।

३. **छलफलका बिषयहरुः**

क. **साधारण प्रस्तावः**

१. संचालक समितिको आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. साविक प्राइम लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिको निर्णय बमोजिम आ.व. २०७९/८० को लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत प्राप्त चार्टर्ड एकाउन्टेण्ट एलएसपि एशोसिएट्सको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

४. कम्पनीको संचालक समितिमा प्रतिनिधित्वको लागि संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

५. स्वतन्त्र संचालक नियुक्तिको अनुमोदन गर्ने ।

ख. <u>विशेष प्रस्ताव:</u>

१. संचालक समिति तथा उपसमितिको बैठक भत्ताको अनुमोदन गर्ने ।

२. नियमनकारी निकायहरुले प्रस्तावित बिषय उपर कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने ।

३. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७८।७९ मा भएको खर्चको अनुमोदन गर्ने ।

ग. <u>विविध:</u>

४. <u>साधारण सभामा उपस्थिती:</u>

४.१ <u>संचालक समितिका पदाधिकारीहरु</u>

| | | |
|---|---|---|
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्री विवेक दुगड | संचालक |
| ३. | श्री जीवन कुमार अग्रवाल | संचालक |
| ४. | श्री सौरभ दुगड | संचालक |
| ५. | श्री राजिव प्रसाद प्याकुरेल | संचालक |
| ६. | श्रीमती प्रमिला के.सी. | संचालक |

४.२ <u>अन्य पदाधिकारीहरुको उपस्थिती</u>

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार लाल कर्ण | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कपिल कुमार दाहाल | उपप्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री माधव प्रसाद शर्मा | कनिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री राजन प्रसाद अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. | श्री लक्ष्मण ज्ञवाली | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. | श्री हरि प्रसाद ढुङगाना | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ७. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |
| ८ | श्री नविन थापा | जोनल हेड |

५. **सभाको गणपुरक संख्या:**

| | |
|---|---|
| कुल शेयर संख्या | ८,०२,०३,८३६.०२ कित्ता |
| जम्मा शेयरधनी संख्या | ५,१५,२१३ जना |
| आवश्यक गणपुरक शेयर संख्या | ४,०९,०३,९५६.३६ कित्ता |
| स्वयं उपस्थित शेयर संख्या | २३,२५,७६२ कित्ता |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयर संख्या | ४,३४,९४,६३५.६३ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ४,५८,२०,३९७.६३ कित्ता |
| स्वयं उपस्थित शेयरधनी | ६४४ जना |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयरधनी | १८८ जना |
| जम्मा उपस्थित शेयरधनी | ८७६ जना |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५७.१२ |

६. **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको विनियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको स्वयं उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको सोह्रौं बार्षिक साधारण सभामा ६४४ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत १८८ जनाको गरी जम्मा ८७६ जनाको उपस्थिती रहेको र सो उपस्थिती कुल शेयर संख्याको ५७.१२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव ईश्वर कुमार सेडाईले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार सोह्रौं बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७. **बार्षिक साधारणसभाको प्रस्तुति:**

बार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालले गर्नु भएको थियो । बार्षिक साधारण सभामा संचालक समितिको सदस्य श्रीमती प्रमिला के.सी.ज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो । तत्पश्चात संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले मन्तव्य राख्नु हुदै कम्पनीलाई जीवन बीमा क्षेत्रको उत्कृष्ठ कम्पनी बनाउने योजना बमोजिम काम गरिरहेको जानकारी भयो । मन्तव्य पश्चात सभाका अध्यक्षज्यूले संचालक समितिको बार्षिक प्रतिवेदन पेश गर्नुभयो र उपस्थित सबै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएका साधारण र बिशेष प्रस्तावहरुको बारेमा जानकारी गराउनु भयो । साधारण सभामा प्रस्तुत गरिएका बिषयहरु कुनै सुझाव भए छलफलमा भाग लिनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष अध्यक्षज्यूले आग्रह गर्नुभयो । त्यसपश्चात कम्पनीका निम्न शेयरधनीहरुले छलफलमा भाग लिदै सुझाव तथा जिज्ञासाहरु राख्नु भएको थियो ।

**डम्बरु बल्लभ घिमिरे**
साविक प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बिच भएको मर्जर सफलतापूर्वक सम्पन्न भएकोमा बधाई तथा धन्यवाद दिनुभयो । कम्पनीले व्यवसाय राम्रो गरिरहेकोले आगामी दिनमा शेयरधनीलाई लाभांश उपलब्ध गराउने गरी कार्य गर्न आग्रह गर्नुभयो ।

**उत्तम पाठक**
कम्पनीले मर्जरको काम सफलतापूर्वक सम्पन्न गरेकोमा बधाई दिदै कम्पनीको नाफा बढाउने गरी कार्य गर्न आग्रह गर्नुभयो । शेयरधनीहरुको लगानी अनुरुप कम्पनीले प्रतिफल दिन सकेमा कम्पनी प्रति आकर्षण बढ्ने बताउदै उहाँले कम्पनीका शेयरधनीहरुले पनि कम्पनीको व्यवसाय बिस्तारमा सहयोग गर्नु पर्ने बताउनुभयो ।

**लवराज जोशी**
कम्पनीको वित्तीय विवरण हेर्दा आर्थिक सूचकहरु सकारात्मक देखिएको, व्यवसाय पनि सहि रुपमा भईरहेको पाईएको उल्लेख गर्दै कम्पनीले शेयरधनीहरुको लगानीलाई समेत सुनिश्चित गर्नु पर्ने बताउनुभयो । उहाँले कम्पनीले शेयरधनीहरुलाई लाभांश दिन सकेमा कम्पनी प्रति सबैको बिश्वास र भरोसा बढ्ने भएकोले कम्पनीको संचालक समिति र व्यवस्थापनले बिशेष ध्यान दिन आग्रह गर्नुभयो ।

**मेजर कुवेर श्रेष्ठ**
कम्पनीले प्रत्येक बर्ष कम्तीमा दश प्रतिशतको दरले लाभांश दिने गरी कार्य गर्न आग्रह गर्दै कम्पनीले शेयरधनीहरुको लगानीलाई सुनिश्चित गर्नु पर्ने बताउनुभयो । उहाँले शेयरधनीहरुलाई प्रतिफल दिने गरी नाफा बृद्धि गर्ने योजनाको साथ काम गर्न आग्रह गर्नुभयो ।

**ब्रम्हदेब शाक्य**
कम्पनीले शेयरधनीहरुको मुहार हसिलो बनाउने गरी कार्य गर्न सुझाव दिदै उहाँले यो बर्ष प्राविधिक कारणले लाभांश वितरण गर्न नसकिएको भए पनि अर्को बर्ष देखि लाभांश वितरण गर्ने गरी कार्य गर्न आग्रह गर्नुभयो ।

**ईन्द्रकृष्ण श्रेष्ठ**
कम्पनीलाई राम्रोसंग अगाडी बढाउन योजना सहित कार्य गर्नु पर्ने सुझाव दिदै शेयरधनीहरुको लगानीलाई कम्पनीले सदैव सम्मान गर्नु पर्ने बताउनुभयो । उहाँले कम्पनीको व्यवसायलाई मुनाफा बढाउने गरी कार्य गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो ।

**उत्सव श्रेष्ठ**
कम्पनीको वित्तीय विवरणमा उल्लेखित आर्थिक सूचकहरु सकारात्मक रहेको देखिएकोले शेयरधनीहरुलाई लाभांश वितरण गर्ने तर्फ कम्पनीले ध्यान दिनु पर्नेमा जोड दिनुभयो । शेयरधनीहरुले लाभांश पाइने आशमा लगानी गर्ने हुनाले शेयरधनीहरुको आशालाई जगाउनु पर्ने बताउनुभयो ।

**निरुपमा गुप्ता**

कम्पनीको व्यवसाय, जीवन बीमा कोष लगायतका आर्थिक सूचकहरु सकारात्मक रहेको, कम्पनीको संचालक समिति र व्यवस्थापनको पनि धारणा कम्पनीलाई उत्कृष्ठ बनाउने रहेको हुँदा कम्पनीको लाभांश क्षमता बढाउनको लागि ध्यान दिन सुझाव दिनुभयो ।

**ध्रुव प्रसाद न्यौपाने**

कम्पनीको व्यवसाय बिस्तारको लागि व्यवसायिक अभिकर्ताहरु उत्पादन गर्नु पर्नेमा जोड दिदै उहाँले कम्पनीमा शेयरधनीहरुले प्रदान गरेका सल्लाह सुझावहरुलाई ग्रहण गरी कार्य गर्ने वातावरण निर्माण गर्न सुझाव दिनुभयो ।

**नरसिंह लाल चंखु**

कम्पनी मर्जर पश्चात राम्रोसंग अगाडि बढिरहेको हुँदा अव कम्पनीको ध्यान नाफा बढाउन र शेयरधनीहरुलाई प्रतिफल उपलब्ध गराउने तर्फ जानु पर्ने बताउनुभयो । उहाँले कम्पनीले लाभांश दिएको अवस्थामा मात्र शेयरधनी, सर्वसाधारण सबैको विश्वास बढ्ने र कम्पनीको बजारमा राम्रो प्रभाव हुने बताउनुभयो ।

यसैगरी कम्पनीको शेयरधनीहरु चन्द्रनारायण श्रेष्ठ, उत्तम दत्त पाण्डे, बैजुनाथ रौनियार, रोज कुमार श्रेष्ठ, अमिर दास श्रेष्ठ, शत्रुधन श्रेष्ठ र सन्दिप श्रेष्ठले लिखित मन्तव्य राख्दै कम्पनीले शेयरधनीहरुको हित हुने गरी योजना बनाएर काम गर्न र शेयरधनीहरुलाई आगामी दिनमा उचित लाभांश प्रदान गर्ने व्यवस्था गर्नको लागि सुझाव दिनुभयो ।

**शेयरधनीहरुको जिज्ञासा तथा सुझाव पश्चात कम्पनीको जवाफ:**

कम्पनीका शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा सुझावहरुको सम्बन्धमा कम्पनीको अध्यक्ष श्री शुलभ अग्रवाल र प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार लाल कर्णले जवाफ दिनु भएको थियो ।

**अध्यक्ष श्री शुलभ अग्रवालले दिनु भएको जवाफको सार:**

शेयरधनीहरुले कम्पनीको हितको लागि व्यक्त गर्नु भएको बिचारहरु स्वागतयोग्य रहेकोले कम्पनीले आत्मसाथ गर्ने बताउनुभयो । कम्पनीको व्यवसाय बृद्धि गर्ने योजना सहित कार्य गरिरहेकोले आगामी दिनमा कम्पनीको नाफा बढाई शेयरधनीहरुलाई उचित प्रतिफल दिने बिश्वास दिलाउनुभयो ।

**प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार लाल कर्णले दिनु भएको जवाफको सार:**

कम्पनीको उन्नती र प्रगतीको लागि शेयरधनीहरुले दिनु भएको सुझावहरु ग्रहणयोग्य भएकाले शेयरधनीहरुको विचार र भावना अनुसार कार्य गर्ने बताउनुभयो । कम्पनीले मर्जरको कार्यलाई सफल रुपमा सम्पन्न गरेको जानकारी दिदै अब कम्पनीको एक मात्र ध्यान व्यवसाय विस्तार गर्ने र शेयरधनीहरुको लागि प्रतिफल प्रदान गर्ने कार्यमा केन्द्रित हुने जानकारी गराउनुभयो । शेयरधनीहरुको भावना बमोजिम कम्पनीलाई बीमा क्षेत्रको अग्रणी र सबल कम्पनी बनाउन प्रयासरत रहेको जानकारी गराउदै शेयरधनीहरुले कम्पनीको हित हुने गरी दिएको सुझावहरुलाई कार्यान्वयन गरिने बताउनुभयो ।



हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
HIMALAYAN LIFE

## ८. साधारण सभाको निर्णयहरु:

### (क) साधारण प्रस्ताव:

१. संचालक समितिको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत वार्षिक प्रतिवेदन सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

२. साविक प्राइम लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

३. संचालक समितिको मिति २०८०।०२।३२ गतेको बैठकको निर्णय बमोजिम आ.व. २०७९/८० को लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत प्राप्त चार्टर्ड एकाउन्टेण्ट एलएसपि एशोसिएट्सको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक कर समेत रु. ७,००,०००।- (अक्षरेपी सात लाख) अनुमोदन गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट चार्टर्ड एकाउन्टेण्ट एलएसपि एशोसिएट्सको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. कम्पनीको संचालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने प्रयोजनको लागि मिति २०८०।१०।०९ गतेमा प्रकाशित निर्वाचन तालिका अनुसार उम्मेदवारी दर्ता गर्न तोकिएको मिति २०८०।१०।१५ गतेमा संस्थापक समूह तर्फ ३ जना संचालक पदको लागि श्री शुलभ अग्रवाल, श्री विवेक दुगड, श्री सौरभ दुगडको मात्र उम्मेदवारी परेको र सर्वसाधारण समूह तर्फ ३ जना संचालक पदको लागि श्री राजिव प्रसाद प्याकुरेल, श्रीमती प्रमिला के.सी. र श्री सचिन आचार्यको मात्र उम्मेदवारी परेकोले तपसिल बमोजिमका शेयरधनीहरु संचालक समितिमा निर्विरोध निर्वाचित हुनु भएको निर्वाचन अधिकृत नेत्र प्रसाद आचार्यले घोषणा गर्नुभयो र सभाबाट उक्त निर्वाचन परिणामलाई सर्मसम्मतीबाट समर्थन गरी अनुमोदन गरियो ।

| क्र.सं | निर्वाचित संचालकहरुको नाम | समूह |
|---|---|---|
| १ | श्री शुलभ अग्रवाल | संस्थापक |
| २ | श्री विवेक दुगड | संस्थापक |
| ३ | श्री सौरभ दुगड | संस्थापक |
| ४ | श्री राजिव प्रसाद प्याकुरेल | सर्वसाधारण |
| ५ | श्रीमती प्रमिला के.सी. | सर्वसाधारण |
| ६ | श्री सचिन आचार्य | सर्वसाधारण |

५. संचालक समितिको मिति २०८०।०१।२६ गतेको बैठकबाट श्री दिगम्बर झालाई स्वतन्त्र संचालक पदमा गरिएको नियुक्ति अनुमोदन गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट संचालक समितिले श्री दिगम्बर झालाई स्वतन्त्र संचालक पदमा गरेको नियुक्तिलाई सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गरियो ।

ख. **विशेष प्रस्ताव:**

१. संचालक समितिको मिति २०८०।०१।२६ गतेको बैठकबाट संचालक समिति तथा उपसमितिको पदाधिकारीहरुलाई तपसिल बमोजिमको बैठक भत्ता प्रदान गर्ने गरी भएको निर्णय अनुमोदनको लागि सभाका सभाध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सो प्रस्तावलाई सभाबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**
**संचालक समिति र उपसमितिको पदाधिकारीहरुको लागि निर्धारित बैठक भत्ता**

| संचालक समिति | | उपसमिति | |
|---|---|---|---|
| पद | बैठक भत्ता | पद | बैठक भत्ता |
| अध्यक्ष | प्रति बैठक भत्ता रु. १५,०००।- | संयोजक | प्रति बैठक भत्ता रु. ६,०००।- |
| सदस्य | प्रति बैठक भत्ता रु. १३,५००।- | सदस्य | प्रति बैठक भत्ता रु. ६,०००।- |

२. नियमनकारी निकायहरुले प्रस्तावित बिषय उपर कुनै फेरबदल, संशोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभाको अध्यक्षज्यूले पेश गर्नु भएकोमा सो प्रस्ताव बमोजिम नियमनकारी निकायहरुले प्रस्तावित बिषय उपर कुनै फेरबदल, संशोधनमा एवं परिमार्जन गर्न निर्देशन दिएमा सो को लागि संचालक समितिलाई सम्पूर्ण अधिकार दिने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३. कम्पनीबाट आ.व.२०७८।७९ को अवधिमा सामाजिक उत्तरदायित्व अन्तर्गत मानव सेवा आश्रमलाई प्रदान गरिएको रु. ५,०००।-, कर्णाली जिल्लाका बाढिपहिरो पिडितलाई प्रदान गरिएको रु. ५०,०००।- र अग्रवाल सेवा केन्द्रलाई कोभिड रोकथाम सहयोगार्थ प्रदान गरिएको रु. ४,००,०००।- समेत जम्मा रकम रु. ४,५५,०००।- अनुमोदनका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट उल्लेखित विवरण अनुसार सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको जम्मा रकम रु. ४,५५,०००।- सर्वसम्मतीले अनुमोदन गरियो ।

ग. **विविध:**

कम्पनी वार्षिक साधारण सभामा विविध शिर्षक अन्तर्गत कुनै पनि प्रस्तावहरु पेश नभएको र छलफलहरु समेत नभएको ।

९.	**धन्यवाद ज्ञापनः**

अन्त्यमा, संचालक समितिको सदस्य श्री विवेक दुगडले धन्यवाद मन्तव्य राख्दै उपस्थित संचालक, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, शेयर रजिष्टार प्रभु क्यापिटल लिमिटेड, कर्मचारीहरु, बीमितहरु, अभिकर्ताहरु, संचारकर्मीहरुका साथै कम्पनीको सोह्रौं बार्षिक साधारण सभा सफल वनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।

१०.	**सभाको बिसर्जनः**

बार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले सोह्रौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु भएकोमा शेयरधनीहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दै छलफलको अन्य विषयहरु नभएकोले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ईश्वर कुमार सेडाई<br>कम्पनी सचिव | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड<br>HIMALAYANLIFE | शुलभ अग्रवाल<br>अध्यक्ष |